भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना

नेपाल सरकारले नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा अनुसूची-८ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (३) तथा अनुसूची-३ को खण्ड (क) को उपखण्ड (२) बमोजिम घर बहाल कर सङ्कलन गर्ने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधीनमा रही सम्बन्धित स्थानीय तहले सङ्कलन गर्ने र आन्तरिक राजश्व कार्यालयले भाडा वापतको आयमा आयकर सङ्कलन नगर्ने,

(ख) स्थानीय तहलाई घर बहाल कर तिरेका प्राकृतिक व्यक्तिहरुले आर्जन गरेको घर बहाल आयमा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने चालु आर्थिक वर्षको आयकर आर्थिक ऐन, २०७४ को दफा १९ बमोजिम छुट दिने,

(ग) घर बहाल कर स्थानीय तहले सङ्कलन गर्ने हुँदा विगत वर्षको लगत समेत आन्तरिक राजश्व

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

कार्यालयले करदाताको स्थायी ठेगाना रहेको स्थानीय तहमा हस्तान्तरण गर्ने,

(घ) घर बहाल कर सङ्कलन गर्ने निकायले नै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने ।

आज्ञाले,
उदयराज सापकोटा
सहसचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।